# सत्यवती गाउँपालिका
# गाउं कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०७७/०७८
च. नं.: ९६९६

मिति: २०७७/१२/२७

श्री सम्बन्धित सबै शिक्षकहरु,

विषयः विषय विशेषज्ञ सूचीकृत गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत सम्बन्धमा गाउँ शिक्षा समितिको मिति २०७७/११/२६ को निर्णयानुसार यस सत्यवती गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा आधारभूत र माध्यमिक तहमा रिक्त रहेका र हुने स्वीकृत तथा राहत दरबन्दीमा अस्थायी करार सेवामा शिक्षक पदपूर्ति प्रयोजनार्थपरीक्षा सञ्चालनका लागि विषय विशेषज्ञको आवश्यकता पर्ने भएकाले निम्न उल्लिखित योग्यता तथा शिक्षण अनुभव पुगेका शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा रीतपूर्वक सूचीकृतकालागि आवेदन पेश गर्नुहुन सुचित गरिन्छ ।

<u>न्युनतम योग्यता</u>

१. आधारभूत तह (१-५)का लागि सम्बन्धित तहमा कम्तिमा स्नातक तह वा सो सरहको योग्यता भएको हुनुपर्ने ।
२. आधारभूत तह (६-८)का लागि सम्बन्धित विषयमा कम्तिमा स्नातक तह वा सो सरहको योग्यता भएको हुनुपर्ने ।
३. माध्यमिक तह(९-१०) कालागि सम्बन्धित विषयमा कम्तिमा स्नातक तह वा सो सरहको योग्यता भएको हुनुपर्ने।
४. माध्यमिक तह (११-१२) का लागि सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह वा सो सरहको योग्यता भएको हुनुपर्ने
५. जुन तहको शिक्षक पदपूर्तिका लागि विषय विशेषज्ञ हुन चाहेको हो सो तहमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी वा राहत दरबन्दीको शिक्षक भई कम्तिमा ३ वर्ष सेवा अवधि पुरा गरेको हुनुपर्ने । र सम्बन्धित तहको योग्यता पुगेका ईच्छुक शिक्षक तथा अन्य व्यक्तिको हकमा
६. शिक्षक सेवा आयोगको विद्यमान पाठ्यक्रम अनुसारको सम्बन्धित तह वा विषयको कम्तिमा ३ सेट प्रश्नपत्रकोHard Copy र Soft Copyअनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

<u>आवश्यक कागजातहरुः</u> नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि, नियुक्ति पत्रको प्रतिलिपि, सेवा प्रमाणित प्रतिलिपि तथाशिक्षण पेशामा निरन्तरता खुल्ने विद्यालयको सिफारिस पत्र ।

<u>आवेदन दस्तुर:</u> आधारभूत तह (१-५) रु. ७०० (६-८) रु.१००० माध्यमिक तह (९-१०) रु. १२०० र (११-१२) रु. (१५००) ।

*(नोटः नयाँ विषयविशेषज्ञ सुचिकृत नहुँदासम्म पुरानै विषयविशेषज्ञबाट अस्थायी शिक्षक छनौट परीक्षा सञ्चालन गरिनेछ ।)*

झविश्वर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np
फेसबुक पेज:-https://www.facebook.com/satyawatirmo